मिति २०७७/२/६ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ७५/२०७७ को निर्णयहरू:

१. सुदूरपश्चिम प्रदेश सभाको छैठौं अधिवेशन आह्वान गर्ने सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको छैठौं अधिवेशन मिति २०७७/०२/१३ गते मंगलवार दिउसो २:०० बजे देखि शुरु हुने गरी आह्वान गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।"

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३७/२६६-२०७७/२/६ को "कानून सुधार तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७७ लाई स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा उक्त कार्यविधिको दफा १० को उपदफा (१) र (२) को सट्टा दफा १० मा देहाय बमोजिमका प्रावधान कायम गरी "कानून सुधार तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७७" स्वीकृत गर्ने:-

"समितिलाई आवश्यक पर्ने दफा ९ बमोजिमको खर्च प्रदेश सरकारले आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत उपलब्ध गराउन सक्नेछ ।"

३. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं. ६/७/२६७-२०७७/२/६ को "सशर्त अनुदान दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"स्थानीय तहबाट प्रचलित कानून बमोजिम खर्च गर्ने गरी प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

४. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं. ६/८/२६८-२०७७/२/६ को "सशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७७/२/६

प्रमुख सचिव